नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)२०७७/०७८

# प्रेस विज्ञप्ति

मिति २०७८।०१।०७ गते यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अरुण पोखरेलको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकबाट भएको निर्णय तपशिल बमोजिम भएकाले सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ ।

निर्णयहरुः-

कोभिड-१९ सम्वन्धि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ को बैठकबाट विश्वभरी फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ माँहामारीको नेपालमा समेत संक्रमण बढ्दै गएको सन्दर्भमा सो को रोकथाम तथा नियन्त्रणका लागी संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय बमोजिमको आदेश जारी गरेको हुँदा उक्त आदेशको प्रभावकारी रुपमा कार्यान्वियन गर्ने/गराउने निर्णय गरियो ।

१. बिद्यालय र कलेजका पूर्वनिर्धारित परिक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

२. सिनेमा हल, पार्टी प्यालेस, डान्सवार, दोहोरी, नाँचघर, क्लव, हेल्थक्लव, जिमखाना, स्वीमिङपुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटवजार, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सवै प्रकारका कार्यक्रम मिति २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने ।

३. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी मिति २०७८ साल बैशाख मसान्तसम्म नित्यपुजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

४. एकपटकमा २५ जना भन्दा बढि भेलाजम्मा हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको विचमा २ मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानीटाईज गर्ने गरी सपिङ मल, डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने, जनस्वास्थ्य सम्बन्धि मापदण्ड पालना गर्ने /गराउने दायित्व सम्वन्धित व्यवस्थापक वा सञ्चालकको हुने ।

५. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा वढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतवन्धका लागी पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्वस्वीकृती लिई २५ जनामा नबढ्ने गरी कार्यक्रम गर्ने ।

६. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समिक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमवाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्ने पर्ने भएमा बढिमा २५ जना मात्र सहभागी रहने गरी जनस्त्रास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने । तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने ।

७. सार्वजनिक यातायात सञ्चालन सम्वन्धमा देहाय बमोजिम गर्ने ।
   क) सिट क्षमता भन्दा बढि यात्रु नराख्ने ।
   ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।
   ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानीटाईजरको व्यवस्था गर्नुपर्ने ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)२०७७/०७८

घ) चालक तथा सहचालकले मास्क र भाईजर लगाउनु पर्ने ।

ङ) सवारी साधनलाई दैनिकरुपमा निसंक्रमित गर्नुपर्ने ।

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढिमा १० रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने ।

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।

ज) लामोदुरीमा चल्ने सार्वजनिक यातायातमा विच वाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) लाई उपलब्ध गराउने ।

८. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा स्यानिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढिमा १० रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

९. होटल तथा रेष्टुरेन्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहायका बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समयपश्चात टेकअवे र होम डेलिभरीमात्र उपलब्ध गराउने ।

क) होटल तथा रेष्टुरेन्टका कामदारले अनिवार्यरुपमा मास्क, भाईजर र पञ्जा लगाउने ।

ख) होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।

ग) कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्नुपर्ने ।

घ) सेनिटाईजरको व्यवस्था गर्नुपर्ने ।

ङ) होटल तथा रेष्टुरेन्टलाई नियमितरुपमा निसंक्रमित गर्नुपर्ने ।

च) होटल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढिमा १० रुपैया लिई मास्क उपलब्ध गराउनुपर्ने र मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेन्ट प्रयोग गर्न नदिने ।

१०. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटल तथा रेष्टुरेन्टहरुले बुँदा नं. ९ बमोजिमका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

११. सार्वजनिक तथा निजी सेवा प्रदायकहरुले सम्भवभएसम्म विद्युतिय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

१२. नियमित रुपमा सञ्चालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

१३. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमन सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकिए बमोजिमको व्यवस्था स्वास्थ्य कार्यालयले मिलाउने ।

१४. जिल्लाभित्र कोभिड-१९ संक्रमण देखिन थालेको र बढ्दै जाने सम्भावना भएको सन्दर्भमा संक्रमितहरुलाई संस्थागत आइसोलेशनमा राख्नुपर्ने अवस्था आएमा सो को व्यवस्थापनको लागी चौतारा अस्पताल, मेलम्ची प्रा.स्वा.के. , जलविरे प्रा.स्वा.के. र बाहविसे प्रा.स्वा.के मा संस्थागत आइसोलेशन सञ्चालन गर्न आवश्यक पहल गर्न सम्वन्धित स्थानीय तहहरु र स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने । साथै हरेक स्थानीय तहहरुमा न्यूनतम १ वटा क्वारेन्टाईन कक्ष सञ्चालन गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

उल्लेखित निर्णय पालना गर्न सबैलाई अनुरोध गर्ने निर्णय गरियो । साथै यसको उल्लंघन गरेमा वा कार्यान्वयनमा बाधा पुर्याउने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारवाही गर्ने निर्णय गरियो

२०७८/०१/०६

प्रशासकीय अधिकृत